आज मिति २०७८ पुस २८ गते बुधतबारका दिन दार्मा गाउँपालिका, सल्यानको कार्यपालिका बैठक अध्यक्ष निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा बसी तपसिलका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो।

**तपसिल**

| | |
|---|---|
| श्री निमबहादु के.सी. | अध्यक्ष |
| श्री टीका शर्मा, वली | उपाध्यक्ष |
| श्री अमृत खड्का | नि. प्रमुख प्रशासकीय अधिकृत |
| श्री कविकुमार चन्द | सदस्य |
| श्री डिल्लीबहादुर के.सी. | सदस्य |
| श्री सेतीराम रोकाहा | सदस्य |
| श्री चन्द्रबहादुर रावत | सदस्य |
| श्री रामबहादुर के.सी. | सदस्य |
| श्री दुर्गाबहादुर मल्ल | सदस्य |
| श्री सन्ताराम कामी | सदस्य |
| श्री अमृता कामी | सदस्य |
| श्री मञ्जु शाही | सदस्य |
| श्री जुना मल्ल चन्द | सदस्य |
| श्री देवी खत्री | सदस्य |
| श्री धनीराम नेपाली | सदस्य |
| श्री दिपक कवर | आर्थिक प्रशासन शाखा प्रमुख |
| श्री भूपेन्द्र पुन | सव- इन्जिनियर |
| श्री सन्देश के.सी. | क. अ. |

प्रस्तावहरू

१. हाउस वाइरिङ तालिम अनुमोदन सम्बन्धमा ।

२. कृषि सडक सम्बन्धमा ।

३. राहत तथा उपचार सम्बन्धमा ।

४. दशौ अधिवेशनमा रकमान्तर गर्ने योजना/ कार्यक्रम सम्बन्धमा।

५. एक स्थानीय तह एक पशुबस्तु उत्पादन प्रवर्द्दन कार्यक्रम सम्बन्धमा ।

६. योजना छनौट गर्ने सम्बन्धमा ।

७. स्थानीय तह संस्थागत क्षमता स्व- मूल्याङ्कन (LISA) प्रणालीको अन्तिम नतिजा अनुमोदन गर्ने सम्बन्धमा

८. शहीद स्मृति रगंशालामा कभर्ड हल र स्तरोन्नततिको प्रस्ताव पेस गर्ने सम्बन्धमा ।

निमित्त प्रमुख प्रशासकीय

निर्णयहरू

१ निर्णय नं. १ : प्रस्ताव नं. १' हाउस वाइरिङ तालिम अनुमोदन सम्बन्धमा ' मा छलफल गर्दा यस कार्यालय र नागार्जुन इन्स्टिच्यूट अफ हेल्थ साइन्स प्रा.लि. काठमाडौं बीच मिति २०७७।१२ ।२३ को सम्झौता बमोजिम सञ्चालन गर्नुपर्ने उद्यमीसंग उपाध्यक्ष कार्यक्रम विश्वमहामारीको रुपमा फैलिएको नयाँ भेरिएन्टसहितको कोभिड १९ को कारण गत आ.व. मा सञ्चालन हुन सकेन । चालु आ.व. सञ्चालन गर्दा कुनै पनि वडाबाट सिकर्मी डकर्मी ३९० घण्टे सिपमुलक तालिममा सहभागो हुन इच्छुक नभएको तर हाउस वाइरिङ तालिममा लिन इच्छुक भई हाउस वाइरिङ तालिम सञ्चालन गर्न अनुमति माग भई आएको हुँदा सञ्चालित हाउस वाइरिङ तालिमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

२ निर्णय नं. २ : प्रस्ताव नं. २ ' कृषि सडक सम्बन्धमा ' मा छलफल गर्दा चालु आ.व. मा ३ लाखसम्म बजेट भएका हेभि मेसिन व्याकहोलोडर प्रयोग हुने कृषि सडक योजनाहरुको क्लस्टर बनाई पालिकाको व्याकहोलोडरद्वारा कृषि सडक योजनाहरु निर्माण गर्ने निर्णय गरियो ।

३ निर्णय नं. ३: प्रस्ताव नं. ३ ' राहत तथा उपचार सम्बन्धमा ' मा छलफल गर्दा गाउँपालिका अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७७ को देहायंका दफा बमोजिम देहायका नागरिकहरुलाई देहाय बमोजिम आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो.

तपसिल

| क्र. स. | सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | कार्यविधिको सम्बन्धित दफा | पहिचान भएको समस्या | आर्थिक सहयायता रकम |
|---|---|---|---|---|---|
| १ | मोहनलाल बि.क. | दार्मा- ६, | ३ | मस्तिष्कमा समस्या | १०००० |
| २ | प्रिमे रोकाहा | दार्मा-३ | ३ | मुटुको समस्या भई अपरेसन गरेको | १०००० |
| ३ | डम्बर बहादुर मल्ल | दार्मा - ४ | ३ | मृगौलामा शिष्ट र हेपाटाइटिस बी पोजेटिभ | १०००० |
| ४ | इन्द्रमुहान बि.क | दार्मा- ४ | ३ | मस्तिष्कमा समस्या | १०००० । |

४ निर्णय नं. ४ : प्रस्ताव नं. ४ 'दशौं अधिवेशनमा रकमान्तर गर्ने योजना/ कार्यक्रम सम्वन्धमा' मा छलफल गर्दा दशौं अधिवेशनमा रकमान्तर गर्ने योजना तथा कार्यक्रमहरु रकमान्तरको लागि वडा कार्यालयले पत्रमार्फत मिति २०७८/१०/ ०८ गतेसम्म कार्यालयमा पठाउने निर्णय गरियो ।

५ निर्णय नं. ५ : प्रस्ताव नं. ५ ' एक स्थानीय तह एक पशुबस्तु उत्पादन प्रवर्द्दन कार्यक्रम सम्वन्धमा ' मा छलफल गर्दा दार्मा गाउँपालिकामा दुध प्रबर्द्दन गर्नको लागि प्रदेश र स्थानीय तहवीच साझेदारीमा आधारित एक स्थानीय तह, एक पशुवस्तु उत्पादन कार्यक्रमका लागि भैसी प्रबर्द्दन गर्न दार्मा गाउँपालिका रामीडाँडा सिंगारीकोट, दुवाङमा सञ्चालन गर्नको लागि रु ६,००,०००। साझेदारी गर्ने निर्णय गरियो ।

६ निर्णय नं. ६ – प्रस्ताव नं. 'सूचना प्रकाशन गर्ने सम्बन्धमा' मा छलफल गर्दा बहुक्षेत्रीय पोषण कार्यक्रम मार्गदर्शन २०७८/०७९ को दफा ५ बमोजिम जनसरोकार बहुउद्देश्यीय सहकारी सहकारी संस्था लि. लाई रु ७,००,०००। (अक्षरेपी सात लाख) विनियोजन गर्ने र ऐ ऐ को दफा ६ बमोजिम छात्रहरुको तुलनामा छात्राहरु बढी भएको साथै दलित तथा जनजाती समुदायका विद्यार्थीहरु बढी भएको श्री नवसाधारण माद्यामिक विद्यालय दार्मा ४ रातामाटामा पोषण सुधारको लागि खानेपानी तथा सरसफाई योजना मर्मत सम्भार गर्न रु ८,००,०००। (अक्षरेपी आठ लाख) विनियोजन गर्ने/. छनौट गर्ने निर्णय गरियो ।

७ निर्णय नं. ७- प्रस्ताव नं. 'स्थानीय तह संस्थागत क्षमता स्व- मूल्याङ्कन (LISA) प्रणालीको अन्तिम नतिजा अनुमोदन गर्ने सम्बन्धमा' मा छलफल गर्दा आ.व.२०७७/०७८ को स्थानीय तह संस्थागत क्षमता स्व- मूल्याङ्कन (LISA) प्रणालीको अन्तिम नतिजा ४२.७५ प्राप्त भएकोले अनुमोदन गर्ने निर्णय गरियो ।

८ निर्णय नं.८ – प्रस्ताव नं. ८ "शहीद स्मृति रगंशालामा कभर्ड हल र स्तरोन्नततिको प्रस्ताव पेस गर्ने सम्बन्धमा" मा छलफल गर्दा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौंको मिति २०७८/०९/१९ गतेको प्रथम पटक प्रकाशित सूचना अनुसार खेदकुद पूर्वाधार निर्माणका लागि स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५ (संसोधनसहित)बमोजिम नमुना खेलकुदको अवधारणा बमोजिम फुटबल मैदान, क्रिकेट मैदान, भलिबल मैदान, कवर्ड हल, ट्राक एन्ड फिल्ड, वाकिङ रुट ट्रेल, स्वमिङ पुल र विचरण पार्क लगायतका खेल पूर्वाधार निर्माण गर्न सकिने । त्यसका लागि सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र युवा तथा खेलकुद मन्त्रालयको खेलकुद पूर्वाधार विकास शाखा वा राष्ट्रिय खेलकुद परिषद् त्रिपुरेश्वरमा प्रस्ताव पेस गर्न वा इमेल पठाउन सूचना गरेबमोजिम यस दार्मा

गाउँपालिकाको वडा ६ मा शहीद स्मृति रगंशालामा कभर्ड हल र स्तरोन्नततिको लागि आवश्यक कागजात सहित प्रस्तावना पेस गर्ने निर्णय गरियो ।साथै कार्यविधि बमोजिम खेलकुद पुर्वाधार आयोजना निर्माण गर्दा आयोजना निर्माणमा कम्तिमा ५० प्रतिशत रकम दार्मा गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरि लागत साझेदारि गर्ने निर्णय गरियो ।

लिखित प्रमुख प्रशासकीय